# कोशिश

मानसिक स्वास्थ्य समस्या/मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको आवाज

वर्ष ४, अंक ४ | कोशिश द्वैमासिक पत्रिका (Bi-Monthly Newsletter) | जुलाई-अगष्ट, २०१३


## अपाङ्गताभित्रको सक्षमता


सुस्मीरा अर्याल
महासचिव, कोशिश


म एउटा मनोसामाजिक अपाङ्गता भएको महिला हुँ । मैले आफूले भोगेका पीडाहरुलाई आत्मसात गर्दै आफूजस्तै समस्या भएका दाजुभाई दिदिबहिनीलाई अगाडी बढ्न र उनीहरुको सशक्तिकरणको लागि हरेक पक्षबाट वकालत गर्दै आइरहेको छु । यसैबीच अमेरिकाको एउटा अपाङ्गता सम्बन्धी संस्था मोविलिटी इन्टरनेशनल यु.एस.ए.ले आयोजना गरेको नेतृत्व विकासको तालिममा सहभागी हुने अवसर पाएँ । जुन अपाङ्गता भएका व्यक्तिहरुको जिवनमा परिवर्तन ल्याउनको लागि सन् १९८१ देखि शुरुवात गरिएको कार्यक्रम थियो ।

अमेरिकाको ओरेगन राज्यमा आयोजित कार्यक्रम २ अगष्टमा शुरु भई २५ अगष्ट, २०१३ मा सम्पन्न भएको थियो । जसमा सबै सहभागीहरु अपाङ्गता भएका महिलाहरु थिए । एक्काइस देशका अपाङ्गता भएका महिलाहरुको प्रतिनिधित्व रहेको कार्यक्रमको विशेषता भन्नु नै सैद्दान्तिक भन्दा व्यवहारिक पक्षलाई जोड दिईएको थियो । प्रत्येक दिन विभिन्न क्रियाकलापहरु गराएर सहभागीहरुलाई एकआपसमा घुलमिल गराउनुका साथै अभ्यस्त राख्नाले सबैले आफूमा अपाङ्गता भएको कुरा बिर्सिएको भान हुन्थ्यो ।

यो तालिमबाट मैले के अनुभूत गरें भन्दा अपाङ्गता भएका व्यक्तिहरु पनि अन्य व्यक्ति सरह विभिन्न क्रियाकलापमा सहभागी हुन सक्षम हुँदा रहेछन् । तपाईं हाम्रो सोचमा परिवर्तन आउने हो र सोही अनुरुप पहुँचयोग्य वातावरणको सृजना गर्ने हो भने यो कुरा सम्भव रहेछ । यस तालिममा च्यालेन्ज कोर्स, र्‍याफटिङ्ग, स्वीमिङ्ग, साइक्लिङ्ग, गीत गाउने, नाच्ने, फेशन सो आदि विभिन्न क्रियाकलापहरुमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुले सहभागीता जनाई रमाइलो गरेका थिए ।

यो कार्यक्रम पश्चात मलाई के अनुभव भयो भने अपाङ्गता भन्ने कुरा हाम्रो आफ्नो कारणले होइन तपाईं हाम्रो सोंच र हामी वरिपरिको वातावरणले निर्धारण गरेको कुरा रहेछ । हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिलाई गरिने भेदभाव, कुसंस्कार, कुविचारलाई परिवर्तन गरी उनीहरुलाई पहुँचयोग्य वातावरणको सृजना गर्ने हो भने उनीहरु पनि अन्य व्यक्ति सरह आफूभित्र रहेको क्षमतालाई उपयोग गर्न सक्नेछन् र विभिन्न क्रियाकलापमा सहभागी हुन सक्नेछन् ।



*महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह सचिव उपेन्द्र प्रसाद अधिकारी कार्यक्रम बारे मन्तव्य दिँदै । उक्त अन्तरक्रिया कार्यक्रम मन्त्रालय र कोशिशको संयुक्त आयोजनामा भएको हो । (विस्तृत ३ पृष्ठमा)*

## लैङ्गिक असमानता र अपाङ्गता


सलुजा मोक्तान
कार्यक्रम अधिकृत, कोशिश


लैङ्गिक शब्दले समाजमा स्थापित महिला र पुरुषको भूमिकालाई बुझाउँदछ भने अपाङ्गताले समाजद्वारा सृजित विभिन्न किसिमका अवरोधहरुलाई उजागर गर्दछ जसलाई मनोसामाजिक वा शारिरिक अपाङ्गता भएका व्यक्तिहरुले सामना गर्नु परिरहेको हुन्छ । त्यसैले लैङ्गिक र अपाङ्गता समाजद्वारा सृजित अवधारणाहरु मान्न सकिन्छ । नेपालको सन्दर्भमा महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गर्ने गरिन्छ जसले गर्दा महिला र पुरुषलाई प्रदान गरिएका भूमिकाहरु नै असमान छन् । महिलाहरु कानूनी, सामाजिक, आर्थिक, साँस्कृतिक र राजनितिक रुपमा विभेदमा परेका छन् । यसैगरी शारिरिक र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु पनि अझ बढी नाजुक अवस्थामा छन् र उनीहरुलाई समाज वा परिवारबाट एक्लाइने गरिन्छ । वास्तवमा समाजबाट नै यी विभिन्न किसिमका अवरोधहरु सृजना भइरहेका हुन्छन् । यी अवरोधहरुबाट उत्पन्न लाञ्छना र विभेदका कारण अपाङ्गता भएका महिला लगायत अपाङ्गता भएका सबै व्यक्तिहरु आधारभूत अधिकारको उपभोग गर्नबाट बञ्चित भएका छन् ।

राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण, २०११ अनुसार नेपालमा लगभग ५१३,३२१ जना अपाङ्गता भएका व्यक्तिहरु छन् जसमा ६ प्रतिशत मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । विषेशगरी असमानता र विभिन्न प्रकारका हिंसाका कारण बढी नै महिला तथा बालिकाहरुमा मनोसामाजिक समस्या भएको पाइन्छ भने त्यस पश्चात उनीहरु झनै विभेद र शोषणमा पर्ने गर्दछन् । नेपालको समाजिक परिवेशमा यदि श्रीमति कुनै रुपमा अपाङ्ग भएमा श्रीमानले दोस्रो विहे गर्न कुनै अवरोध हुँदैन । तर महिलाको श्रीमान अपाङ्ग भएमा उक्त महिलाले झनै पिडा सहेर बस्नु पर्ने बाध्यता रहेको र घरबाट नै निष्काशित हुनुपर्ने अवस्थाको सृजना गराईन्छ जसले गर्दा उनीहरु बहुसांख्यिक हिंसामा परिरहेका छन् ।

(बाँकी ३ पृष्ठमा)

भित्रि पृष्ठमा


उद्धार तथा पुन:स्थापना २
कोशिशको प्रयास ३
समुदायमा आधारित कार्यक्रम
अध्ययन भ्रमण ४

# बालक सहित महिलाको उद्धार




*माया आफ्नी ६ महिने बालिकाका साथ कोशिशको सुरक्षित घरमा*

करिव १३ महिना पहिले मानसिक रोग लागेर सडकमा भौतारिरहेको अवस्थामा ३५ वर्षीय माया केसीलाई अस्पतालमा भर्ना गरियो । सम्पूर्ण रुपमा शारीरीक जाँच गर्दा उनी गर्भवती भएको पाइयो र २०६९ माघ ५ गते अस्पतालमै उनले छोरीलाई जन्म दिइन् । पछि २०७० साउन १३ गते कोशिशले बाग्लुङ्ग जिल्ला अस्पतालबाट उनलाई उद्दार गरी उनको मानसिक समस्याको उपचार शुरु गऱ्यो ।

अस्पताल व्यवस्थापन समितिका अनुसार मायाको कुनैपनि आफन्त नभेटेपछि उनलाई छोरी सहित अस्पतालमा नै बस्ने र खाने व्यवस्था अस्पतालले गरिदिएको थियो । उनी अस्पतालमा बस्दै आएपनि विशेषज्ञको अभावका कारण उनको मानसिक समस्याको उपचार भने भएको थिएन । त्यसैले अस्पतालले उनको उपचार र पुनःस्थापनाको लागि छोरी सहित कोशिशलाई हस्तान्तरण गरेको हो । कोशिशमा आएपछि एकिकृत उपचार पद्दतीको कारण उनको मानसिक स्वास्थ्यमा निकै नै सुधार आइरहेको छ ।

कोशिशको सुरक्षित घरमा आइसकेपछि उनले अहिले उचित उपचार पाइरहेकी छिन् भने छोरीले राम्रो स्याहार पाएकी छिन् । कोशिशले आफ्नो स्थापनाकाल देखि यस सुरक्षित घर मार्फत आजसम्म १०० भन्दा बढी मानसिक समस्या भएका व्यक्तिहरुको उपचार एवं पुनःस्थापनाको कार्य गरिसकेको छ । आफ्नो नाम र घर समेत थाहा नभएका व्यक्तिहरुलाई समेत उपचार पश्चात उनीहरुको घर ठेगाना पत्ता लगाई उनीहरुकै परिवार र समुदायमा पुनःस्थापना गरिएको छ ।

त्यस्तै गरेर २०७० भदौ ६ गते तनहुँको दमौलीबाट नवलपरासी घर भएकी करिब २१ वर्षिय महिलाको कोशिशद्वारा उद्दार गरिएको छ ।

आन्तरिक पारिवारिक कारणले गर्दा उनको आमाले घर छाडेर हिंडेपछि विस्तारै उनमा मानसिक समस्या देखा पर्न थालेको थियो । मानसिक समस्याको समयमै उपचार नपाउँदा उनी सडकमा भौंतारिन थालिन् । दुई तीन वर्ष देखि यसरी नै सडकमा आधी पेट अर्धनग्न अवस्थामा दिनरात बिताइन् । सोही क्रममा दमौलीको सडकमा उनी नाजुक अवस्थामा भेटीएकी थिइन् । त्यहाँका स्थानीयले कोशिशलाई उनको अवस्थाबारे जानकारी गराएपछि उनको तुरुन्त उद्दार गरी उपचार शुरु गरिएको छ ।

# उपचार पश्चात पुनःस्थापना

अमला (नाम परिवर्तन) आजभोली आफ्नो परिवारसँग खुशीसाथ बस्दै आएकीछिन् । जब उनी उपचारको लागि कोशिशमा आइन् त्यतिबेलासम्म उनको परिवारलाई उनी ठिक हुन सक्लिन् भन्ने आशा थिएन । कोशिशमा उपचार गराउँदा उनी निको हुँदै गइन् र परिवारसँग भेट्न आतुर हुन थालिन् । उनी पूर्ण रुपमा निको भएपछि २०७० साउन १७ गतेका दिन उनकै परिवारमा लगेर पुनःस्थापित गरियो ।

बुटवल निवासी अमलाको विगत हेर्दा करिब १८ वर्षसम्म मानसिक समस्या रहेको देखिन्छ । विभिन्न ठाउँमा उपचार गराउँदा समेत उनको समस्या समाधान नहुँदा उनको परिवारले हार मानिसकेका थिए । उनको समस्या झन् विकराल बन्दै गयो र परिवारले नै नियन्त्रण गर्न नसक्ने अवस्थामा उनी पुगिन् । त्यसै क्रममा उनको परिवार कोशिशको सम्पर्कमा आयो र अन्ततः २०६९ साल असोज ३ गते उपचारको लागि उनलाई कोशिशमा राखियो ।

उनी कोशिशको सम्पर्कमा आउँदाको अवस्था अत्यन्त नाजुक थियो । उनमा कुनै चेतना थिएन र उनको मानसिक अवस्थाको कारण उनी पूर्ण रुपमा वास्तविकता भन्दा टाढा थिइन् । उनी स्क्रिजोफ्रेनिया भन्ने कडा खालको मानसिक समस्याबाट ग्रसित थिइन् । कोशिशको एकिकृत उपचार पद्दती (चिकित्सकिय, मनोवैज्ञानिक र सामाजिक) बाट नै उनको उपचार सम्भव हुन सकेको हो ।

गत असार महिना देखि तिन महिनाको अवधिमा कोशिशबाट मानसिक समस्याको उपचार गराई चौंध जना आफ्नै परिवारमा पुनःस्थापित भइसकेका छन् । जसमा दुईजनालाई कोशिशले प्रत्यक्ष रुपमा उनीहरुको घरपरिवारमै लगी पुनःस्थापित गरेको हो भने बाँकीलाई उनीहरुको परिवारका सदस्य बोलाई जिम्मा लागाई पठाएको थियो ।



*मानसिक स्वास्थ्य समस्याको उपचार पश्चात घर जान तयार भएकी अमला*

## कोशिशका सेवाहरु

### सुरक्षित घर ओ.पि.डी. सेवाः

प्रत्येक सोमबार र विहिबार दिउँसो २:०० बजे, कोशिश सुरक्षित घर, बागडोल, ललितपुर ।

### द्वौंतरी भेला तथा परामर्शः

प्रत्येक मंगलबार (अंग्रजी महिनाको अन्तिम मंगलबार बाहेक) दिउँसो ११:०० बजे, कोशिश, थसिखेल, ललितपुर ।

### द्वौंतरी भेलाको औपचारिक बैठकः

अंग्रजी महिनाको अन्तिम मंगलबार दिउँसो ११:०० बजे, कोशिश, थसिखेल, ललितपुर ।

### भक्तपुर अस्पताल ओ.पि.डी. सेवाः

नेपाली महिनाको प्रत्येक तेस्रो मंगलबार दिउँसो २:०० बजे देखि ४:०० बजेसम्म, भक्तपुर अस्पताल, भक्तपुर ।

# कोशिशको प्रयास

## हक, अधिकार र कार्यान्वयनको लागि वकालत

मानव अधिकार आयोगले विश्वव्यापी आवधिक समिक्षा कार्यदलको बैठकले दिएका सुझाव सिफारिसहरुको कार्यान्वयन अवस्था सम्बन्धी मध्यावधि प्रतिवेदनको मस्यौदामाथि छलफल गराउँदा कोशिशले मौखिक एवं लिखित रुपमा मानसिक अपाङ्गता भएका व्यक्तिहरुलाई समाजमा मर्यादित रुपमा बाँच्न पाउने हकको सुनिश्चितताका लागि सुझावहरु पेश गरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई मानसिक स्वास्थ्य राष्ट्रिय नीति, २०५३ ले परिकल्पना गरे बमोजिम केन्द्रिय तहदेखि स्थानियस्तर सम्मको मानसिक स्वास्थ्यको क्षेत्रमा देखिएका समस्याहरुलाई संवोधन गर्न र मानसिक स्वास्थ्यको संरक्षण र सम्वर्द्धनका लागि सरकारको तर्फवाट यथाशक्य चाँडो केन्द्रिय तहमा मानसिक स्वास्थय महाशाखा तथा स्थानीयस्तरमा आवश्यक इकाईहरु स्थापना तथा सञ्चालन गर्न गराउनका लागि कोशिशले पत्राचार गरेको छ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयवाट तयार पारिएको मस्यौदा "अपाङ्गता भएका व्यक्ति सम्बन्धी" कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधयेक माथि छलफल हुँदा कोशिशले सो विधयेकको सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी (सीआरपीडी, २००६) मा आधारित रहेर सुझाव पेश गरेको छ ।

कोशिशले विभिन्न राजनैतिक दलहरु (एनेकपा माओवादी, नेपाली काँग्रेस, एमाले, मधेशी जनअधिकार फोरम-लोकतान्त्रिक, तराई मधेश लोकतान्त्रिक दल, नेपाल मजदुर किसान पार्टी) लाई आगामी दिनमा हुन गइरहेको संविधान सभाको निर्वाचनमा मानसिक स्वास्थ्यको विषयलाई आ-आफ्नो चुनावी घोषणा पत्रमा समावेश गरि कार्यान्वयन गर्ने प्रतिवद्धता सहित चुनावी घोषणापत्र जारी गर्न पत्राचार गरेको छ ।

## न्यायको लागि निवेदन दर्ता

नन्द प्रसाद अधिकारी र उनको श्रीमतीलाई सरकारले जबरजस्ती मानसिक अस्पतालमा भर्ना गरेको विषयमा मानवअधिकार लगायत अन्य विशेषज्ञ व्यक्तिहरु (मानवअधिकारकर्मी, सामाजिक कार्यकर्ता, चिकित्सक, मनोसामाजिकविद आदि) को स्वतन्त्र समिति गठन गरि उनीहरुको यथार्थ स्थिती बुझी उचित न्याय दिलाउन पहल गरिदिन कोशिशले राष्ट्रिय मानव अधिकार आयोगमा पत्र दर्ता गराएको थियो ।

अधिकारी दम्पत्तीका छोरा कृष्ण प्रसाद अधिकारी द्वन्द्वकालमा २०६१ सालमा मारिएका थिए र त्यसैको न्यायको निम्ति उनीहरु आमरण अनसन बस्दै आएका थिए । सोही क्रममा सरकारले उनीहरुलाई जबरजस्ती मानसिक अस्पतालमा लगेर भर्ना गरेको हो ।

यसै विषयमा कोशिश सहित संलग्न रहेको राष्ट्रिय मानसिक स्वास्थ्य संजाल नेपालले पनि जर्वरजस्ती मानसिक अस्पतालमा भर्ना गरी अधिकारी दम्पत्तीलाई मानसिक रोगी घोषणा गरेर पिडितहरुको न्याय पाउनु पर्ने मागको बेवास्ता भएको र मानसिक स्वास्थ्य प्रति राज्य संवेदनशिल नभएको भन्ने कुरा ठहर गर्दै तत्काल निम्न कार्यहरु गर्नका लागि प्रेश विज्ञप्ती जारी गरेको थियो :

क) पिडितहरुलाई जर्वरजस्ती औषधी उपचार गर्ने कार्य तत्काल रोकी उनीहरुलाई सम्मानजनक रुपले मानसिक अस्पतालबाट डिस्चार्ज गरियोस् ।

ख) पिडितरुलाई मानसिक समस्या भएको हो वा होइन ? निश्पक्ष रुपमा पहिचान गरियोस् ।

ग) भविष्यमा यस्तो घटना नदोहरिनका लागि विद्यमान महासन्धी भित्र रही आवश्यक कार्य गरेर गराउने व्यवस्था मिलाइयोस् ।

यसरी यस संस्था, राष्ट्रिय मानसिक स्वास्थ्य सञ्जाल, मानवअधिकार आयोग, नागरिक समाज र अन्य निकायवाट लगातार रुपमा यस घटनाको विरोध भएपछि र पत्रपत्रिकाले पनि यसवारे लगातार रुपमा समाचार प्रकाशन गरेपछि २०७० साउन ८ गते निज व्यक्तिहरुमा कुनै पनि किसिमको मानसिक समस्या देखिएको छैन भन्दै लगनखेल अस्पतालले डिस्चार्ज गरेको थियो ।

## हिंसाले पार्ने गम्भिर मानसिक प्रभावबारे छलफल

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र कोशिशको संयुक्त आयोजनामा "हिंसाका कारण महिला र बालिकामा पर्ने गम्भिर मानसिक प्रभावः संरक्षण र पुर्नस्थापना" विषयमा भदौ ४ गते एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रमको अध्यक्षता महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह सचिव उपेन्द्र प्रसाद अधिकारीले गर्नुभएको थियो ।

हिंसाको कारण मानसिक समस्या भोगेका वा मानसिक समस्याको कारण हिंसा भोग्न बाध्य महिला तथा बालिकाहरुको संरक्षण र पुर्नस्थापनामा सरोकारवाला संघसंस्थाहरुले पहलकदमी भूमिका खेल्नु पर्ने कुरालाई छलफलमा जोड दिइएको थियो । उक्त कार्यक्रममा सरकारका प्रतिनिधि, अन्तराष्ट्रिय दातृ निकायहरु र महिला तथा अपाङ्गता क्षेत्रमा कार्यरत राष्ट्रिय गैर सरकारी संस्थाहरुका प्रतिनिधिहरुको बाक्लै उपस्थिति थियो ।

कोशिशका अध्यक्ष मातृका देवकोटाले कडा मानसिक समस्या/मनोसामाजिक अपाङ्गता भएका महिला तथा बालिकाहरुको अवस्था, कानुनी भेदभाव तथा बाधा अड्चन र उनीहरुमा हुन सक्ने विभिन्न किसिमका हिंसाको बारेमा कार्यक्रममा प्रस्तुतीकरण दिनुभयो । सोही अवसरमा छोटो डकुमेन्ट्री पनि प्रस्तुत गरिएको थियो, जसले सहभागीहरुबीच विषयको गम्भिरतालाई अझ प्रष्ट पार्न सफल रह्यो । कार्यक्रममा मानसिक समस्या/मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई संरक्षण र पुर्नस्थापना गर्दा सामना गर्नुपर्ने चुनौतीहरु बारे पनि छलफल गरियो ।

### लैङ्गिक असमानता........

त्यसैले महिला र अपाङ्गता भएका व्यक्तिहरुमाथि हुने भेदभाव र अन्याय न्यूनिकरण गर्नका लागि सामाजिक नकारात्मक मुल्यमान्यता, अवधारणा र विभेदकारी कानूनहरुको संशोधन तथा सान्दर्भिक कानूनहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । नेपालको अपाङ्गता संरक्षण तथा कल्याण ऐन, २०३९ का साथै अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसंग सम्बन्धि महासन्धि मे ७, २०१० मा अनुमोदन भइसकेको अवस्था छ । यस महासन्धिलाई नेपालको अवस्था अध्ययन गरी सोही अनुसार कार्यान्वयनमा ल्याउनुपर्ने वर्तमानमा महत्वपूर्ण रहेको छ जसले हिंसा प्रभावित तथा अपाङ्गता भएका महिला र अन्य व्यक्तिहरुको मानव अधिकार र आधारभूत स्वतन्त्रता जस्तै स्वास्थ्य, शिक्षा, जीवन तथा समुदायमा बस्न पाउने अधिकारको प्रर्वद्धन र संरक्षण गर्दछ । यसै महासन्धिको धारा ६ ले अपाङ्गता भएका महिला र बालिकाहरु झनै बढी शोषित र हिंसा, दुर्व्यवहारका शिकार हुन्छन् भनी स्वीकार गरेको छ र यसको न्यूनिकरण गर्न पक्ष राष्ट्रलाई प्रभावकारी उपायहरु अवलम्वन गर्न जिम्मेवार ठहराइएको छ । जसका लागि यी सवालहरुबारेमा र सम्बन्धित कानून तथा महासन्धिबारेमा विज्ञहरु बीच तथा समग्र जनमानसमा बृहत छलफल र सचेतना जगाउनुपर्ने आवश्यकता रहेको देखिन्छ । जसले महिला र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संविधान मार्फत सुनिश्चित गर्नेछ र उनीहरु कुनै पनि विभेदरहित र सम्मानित जीवन जीउन सक्नेछन् ।

## समुदायमा आधारित कार्यक्रम



कोशिश, राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठनले भक्तपुर र धादिङ जिल्लाहरुका स्वावलम्बन संगठनहरुलाई भदौ १३ र १५ गते एक दिने आधारभुत उद्यमशिल तालिम संचालन गरेको थियो । यो तालिम सि.बि.एम. नामक अन्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोगमा “नेपालमा मनोसमाजिक अपांगताको मुलप्रवाहीकरण” परियोजना अन्तर्गत संचालन गरिएको थियो । यो परियोजनाले धादिङ जिल्लाका बेनीघाट, महादेवस्थान र गजुरी गा.वि.स. र भक्तपुर जिल्लाका कटुन्जे गा.वि.स. र भक्तपुर नगरपलिकामा समुदायमा आधारित मानसिक स्वास्थ्य कार्यक्रम संचालन गरिरहेको छ ।

यस एक दिने आधारभुत उद्यमशिल तालिमको मुख्य उद्देश्य मनोसमाजिक अपाङ्गता भएका व्यक्ति र उनीहरुको परिवारलाई जिविकोपार्जनको निम्ति सहयोग गर्ने हो । मनोसमाजिक अपाङ्गता भएका व्यक्तिहरु स्वयं आयआर्जनमा लाग्दा उनीहरुलाई आवश्यक पर्ने औषधि किन्न सहयोग पुग्ने मात्र हैन कि उनीहरुलाई समुदायले हेर्ने दृष्टिकोण समेत परिवर्तन हुन्छ । यस तालिमले स्वावलम्वन समुहहरुलाई आयआर्जन गतिविधि गर्न उत्साहित बनाएको छ ।

## छापा खबरमा कोशिश



आमालाई नै थाहा छैन बाबुको पहिचान

मानसिक सन्तुलन गुमाएका महिलाबाट जन्मिएका सन्तानको बिचल्ली

मिति २०७० भदौ १३ गते 'राजधानी' राष्ट्रिय दैनिकमा प्रकाशित यो समाचारले सडकमा जन्मिएका बालबालिकाहरूको भविष्यबारे विषयवस्तु उठान गरेको छ । मानसिक समस्याका कारण सडकमा बस्दै आएका आमाहरू बलात्कृत भई जन्मिएका तीन जना बालिकाहरूलाई कोशिश संस्थाले आमासँगै उद्दार गरि संरक्षण दिँदै आएको छ, जसलाई यस समाचारमा उद्दृत गरिएको छ ।

## एकद्वार संकट व्यवस्थापन केन्द्रको अध्ययन भ्रमण

लैङ्गिक हिंसा प्रभावितहरुको लागि सञ्चालित अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रको कोशिश टोलीद्वारा तीन वटा जिल्लामा भ्रमण गरिएको छ । जसमा सुनसरी जिल्लाको इनरुवा अस्पताल, बाग्लुङ जिल्लामा रहेको धौलागिरी अञ्चल अस्पताल, र काठमाडौं जिल्लाको परोपकार प्रसुति अस्पताल रहेका थिए । यो भ्रमण विषेशगरी संकट व्यवस्थापन केन्द्रको सञ्चालन प्रक्रियाको विश्लेषणात्मक अध्ययनका लागि गरिएको थियो । जसको मुख्य उद्देश्य विभिन्न प्रकारका हिंसाका कारण मानसिक समस्या वा मनोसामाजिक अपाङ्गता भएका महिलाहरुलाई यस केन्द्रमा सेवा लिन पाउने समावेशीपुर्ण व्यवस्थाको सृजना गर्नमा सहयोग पुऱ्याउन र साथै यस केन्द्रबाट प्रदत्त सेवाहरुको थप सुधार गर्नुपर्ने क्षेत्र, सिकाइ र गरिएका प्रयासहरुको अध्ययन गर्नु रहेको थियो । कोशिशले यस स्थलगत अध्ययनका क्रममा सबै सरकारी तथा गैरसरकारी सरोकारवाला संस्थाका प्रतिनिधिहरुसंग समन्वय गरेको थियो ।




*सुनसरीको इनरुवा अस्पतालमा रहेको केन्द्रको भ्रमणका क्रममा*

यस स्थलगत अध्ययनबाट प्राप्त केही तथ्यहरु निम्न रहेका छन्:

१) भ्रमण गरिएका अस्पतालबाट अहिलेसम्म दशजना पुरुष सहित करिव २७० जनाले लैङ्गिक हिंसाबाट प्रभावित भएका कारण सेवा प्राप्त गरेको । जसमा ७८ जना पिडितहरु ३ देखि १४ बर्ष उमेरका र बाँकी १५ देखि ४५ बर्ष उमेरका ।

२) लैङ्गिक हिंसाको रोकथाम र यस सम्बन्धि कानूनी प्रावधानका बारेमा सचेतना जगाउनुपर्ने । संकट व्यवस्थापन केन्द्रको अभिलेख राख्ने प्रणालीलाई अझै व्यवस्थित गरिनुपर्ने ।

३) सम्बन्धित कर्मचारीहरुलाई मनोसमाजिक परामर्श सम्बन्धि पुर्नजागरण तालिमका साथै अनुमति पत्रको व्यवस्था गरिनुपर्ने ।

४) गैरसरकारी संस्थाहरुसँगको समन्वय र सहकार्य प्रभावकारी नरहेको । एकद्वार संकट व्यवस्थापन केन्द्रको कार्य सञ्चालन नियमावलीमा थप संसोधन गरिनुपर्ने ।

५) कर्मचारीहरुको कार्यक्षेत्र तथा कार्यविवरण स्पष्ट नभएको । अनुगमन र मुल्याङ्कन प्रक्रिया प्रभावकारी नरहेको । पिडितहरुलाई भर्ना गर्न ठाउँ पर्याप्त नरहेको र मुख्य सेवाहरु निःशुल्क नभएको ।



कोशिश, राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन । पोष्ट बक्स नं: ८९७५, ई.पि.सि. २७०६, ललितपुर, नेपाल ।
टेलिफोन: ९७७-१-२२२११४६, ५५२४९८४ । इमेल: info@koshishnepal.org । वेभसाईट: www.koshishnepal.org